# परियत्ति ज्योति

(बौद्ध परियत्ति सम्बन्धी त्रैमासिक)

अंक ३ बु.सं. २५३९/ने. सं. १११५/वि. सं. २०५२ (स्वाँया पुन्ही) वर्ष २



भिक्षु ज्ञानपूर्णिक महास्थविर

Downloaded from http://www.dhamma.digital

# सम्पादकीय

## अशान्ति हटाउने मूल मन्त्र नै शान्ति

आज विश्वमा धेरै प्रकारका धर्महरु प्रचलित छन् । ती धर्ममा जुनसुकै धर्मले पनि एउटै बाटो देखाइरहेको हुन्छ वा प्रायश: हामीलाई एउटै कुरा सिकाइराखेको हुन्छ । साथै सम्पूर्ण धर्महरुको पनि केवल एउटै ध्येय हुन्छ, त्यो हो-शान्ति कायम राख्नु । समाजका हरेक पक्षका मानिस बिच आपसमा भै भगडा, बैरभाव र द्वेषभाव छ । लोभ, तृष्णा, घृणा, द्वेष जस्ता कुप्रवृतिहरु मानिसहरुमा बढ्दै गएको छ । आधुनिक सभ्यताको विकास पश्चात दुई ठूला विश्व युद्धको भयावह परिमाण यस धर्तिबासि मानिसहरुले भोगिसकेको छन् । यसको अलावा विश्वका कतिपय ठाउँमा दिनहुँ जस्तै हिंसात्मक घटना, गृहयुद्ध भएका खवरहरु रेडियो, टि.भी लगायत अन्य संचार माध्यमबाट प्राप्त गर्दै र सुन्दै आएका छौं । मानिसको चाहना असिमिति हुन्छ । उसले आफ्नो चाहना एवं स्वार्थपूर्तिको लागि जुनसुकै प्रकारको अपराध गर्न पनि तम्तयार हुन्छन् । साथै मानव पशु भएर मानवकै विनाश गर्न पनि हिचकिच्याउँदैन । यी विभिन्न हिंसा कलहको यावत् कारण शान्तिको कमि हुनु हो । शान्ति विना मानवीय जीवन जतिसुकै सम्पन्न, बलवान भए पनि प्राय: व्यर्थ नै हुन्छ । यसैले शान्ति नै मानव जीवनको मूल मन्त्र हो ।

# यस अंकमा


भगवान बुद्धको दिनचर्या, शकुन अपशकुन (जातक बाखँ)

| | |
|---|---|
| स्थान परिचय | : बुद्ध-गया |
| जीवनी | : भिक्षु ज्ञानपूर्णिक महास्थविर |
| अर्न्तवार्ता | : सुश्री अमिता धाख्वासंग |
| कविता | : शान्तिको दियो बल्छ, बुद्ध, विहारय् वनेवा, म र मेरो गौरव बुद्ध, मलाई पुग्छ |
| परियत्ति गतिविधि | : शब्दको अर्थ, सामान्य ज्ञान, पत्र मित्रता आदि |


Downloaded from http://www.dhamma.digital

बाल बौद्ध समूह
ज्योतिदय संघ

ज्योति बिहार, चापागाउँद्वारा
प्रकाशित

# परियत्ति ज्योति

बर्ष २ अंक २

**संरक्षक**
अ. ज्ञानवति

**सल्लाहकार**
शाक्य सुरेन

**सम्पादक**
वासुदेव

**सहयोगी सम्पादक**
दिल ब. देशार
रामेश्वर देशार

**व्यबस्थापक**
हेराकाजी
राजेश

**सहयोगीहरु**
शान्ति देशार
तीर्थकुमारी महर्जन
रमेश देशार
रबिन्द्र देशार

## प्रकाशकीय

### परियत्ति शिक्षाको घाउ

क्रिश्चयनहरुको आइतबार कक्षा, मुसलमानहरुको शुक्रबार कक्षा संचालन भए झैं नेपालमा शनिबार बौद्धहरुको बौद्ध परियत्ति शिक्षा संचालन हुनु खुशीको कुरा हो । यो शिक्षा केही सीमित बुद्ध धर्मप्रेमी स्वयं सेवकहरु र भिक्षु, अनागारिकाहरुको सत्प्रयासबाट संचालन भइरहेको छ ।

बांकी अंश पृष्ठ २ मा

हाम्रो ठेगाना
बाल बौद्ध समूह, ज्योतिदय संघ
ज्योतिविहार, चापागाउँ
पो. ब. नं. १९५
ललितपुर, नेपाल

कला
राजाबाबु शाक्य

प्रति अंक ५।-
बार्षिक ग्राहक रु.१५।-
आजीवन " रु.३००।-

विज्ञापन दर
पुरा पेजको रु. ५००।-
आधा पेजको रु. ३००।-
चौथाई पेजको रु. २००।-

मुद्रक:
जोशी मुद्रणालय (प्रा.) लि.
क्वाक्रो, ललितपुर ११
फोन नं. ५२१४७९

कम्प्यूटर सेटिङ्ग तथा डिजाइन
मेडिया सेक्रेटारियल सपोर्ट
ल.पु. वल्खु

Downloaded from http://www.dhamma.digital

.... प्रकाशकीयको बाँकी अंश

यस बौद्ध परियत्ति शिक्षालाई व्यापक तुल्याउन, यसलाई सरकारी मान्यता दिलाउन, यसलाई सुदृढ तुल्याउन धेरै कार्यशालाहरु भए, ठूला ठूला बौद्ध विद्वानहरुबाट ठूला ठूला सल्लाहहरु प्राप्त भए तर अनवरत स्वयं सेवा गरिरहेका कार्यकर्ताहरुलाई प्रेरणा, पुरस्कार र सान्त्वनाको सट्टा कार्यबोझ र आलोचना बाहेक केही प्राप्त भएन । अत: बौद्ध बिद्वानहरु तथा दाताहरुले यस मर्कालाई ध्यानमा राखी दिलैदेखि सेवा पुऱ्याउनु आवश्यक देखिन्छ ।

बुद्ध धर्मलाई क्रमशः फिजाउँदै लाने उद्देश्यले ठाँउ ठाँउमा बौद्ध परियत्ति शिक्षा संचालन भइरहेको छ । शिक्षकको अभाव, पाठ्यपुस्तकको अभाव, आर्थिक स्रोतको अभाव, व्यवस्थापन कमजोरीको कारणले यो शिक्षा व्यवस्थितरुपले अघि बढ्न सकेको छैन । नेपाल बौद्ध परियत्ति शिक्षा केन्द्रबाट पनि यस परियत्ति शिक्षाको परिक्षा नियन्त्रण कार्यमा बाहेक अरु कुरामा ध्यान दिन सकिरहेको छैन । यस शिक्षालाई अघि बढाउन केन्द्रले स्थानिय परियत्ति शिक्षालयहरुमा गई शिक्षालयको मर्का बुझ्ने, व्यवस्थित ढंगले संचालन गर्नेहरुलाई प्रेरणा दिने गर्न सकेमा परियत्ति शिक्षाको क्रमिक बिकास हुँदै जाने संभावना देखिन्छ । तर यथार्थमा स्थानिय परियत्ति शिक्षालयहरु केन्द्रको आँखाबाट धेरै टाढा र उपेक्षित रहेको छ ।

परियत्ति शिक्षालाई व्यबस्थित गर्ने अर्को उपाय हो, स्रोत उपलब्ध गराइदिने । यस कार्यमा केन्द्रद्वारा देश विदेशबाट स्रोतहरु संकलन गरि परियत्ति शिक्षाको लागि परिचालन गर्नु आवश्यक देखिन्छ ।

परियत्ति शिक्षामा सम्मिलित हुने शिक्षक तथा छात्र छात्राहरुलाई प्रेरित गराउने एउटा उपाय हो, बौद्ध तिर्थस्थल तथा अन्तर्राष्ट्रिय बौद्ध देशहरु घुम्ने अवसर दिनु, लगनशील शिक्षक तथा प्रतिभाशाली छात्र छात्राहरुलाई यो अवसर प्रदान गर्न सकेमा यस शिक्षाप्रति निश्चित रुपमा आकर्षण बढ्नेछ ।

ज्योतिदय संघ, ज्योति बिहार बाल बौद्ध समूहको यस परियत्ति ज्योति पत्रिकाको प्रकाशन पनि यस शिक्षालाई गतिशील र प्रभावकारी बनाउनु हो । यस पुनित कार्य सफल तुल्याउन आर्थिक सहयोगको लागि हामीले विभिन्न बौद्ध संघ, संस्थाहरुमा अनुरोध पत्रहरु पठाएको थियौं । तर कुनै संघ, संस्थाहरुबाट पनि सद्भाव र प्रेरणा प्राप्त हुन सकेन । यसबाट हामी चापागाउँका बाल बौद्धहरु प्रेरित हुनको सट्टा हतोत्साही भएका छौं । तैपनि निरन्तर रुपमा अथक रुपले बौद्ध बिद्वान तथा दाताहरुको सहयोगको लागि प्रयास गरिनै रहनेछौं । सहयोग प्राप्त नभएपनि यस पत्रिकालाई निरन्तर रुप दिने हाम्रो प्रयास जारी नै रहने छ ।

यो अंक जी.टी.जेड का कार्यक्रम अधिकृत श्रीमती विजया बज्राचार्य ज्यूको आर्थिक सहयोगमा प्रकाशित भएको छ । उहाँप्रति हामी अत्यन्त आभारी छौं । उहाँलाई परियत्ति ज्योति परिबार हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछ ।



Downloaded from http://www.dhamma.digital

# "भगवान बुद्धको दिनचर्या"

भगवान बुद्धको दिनचर्या सारगर्भित छ । आफ्नो जीवनकालमा बुद्धले समयलाई सही ढंगबाट प्रयोग गर्नु भयो, समयको पुरा पुर सदुपयोग गर्नुभयो । उहाँ चौबिसै घण्टा जागृत रहनु हुन्थ्यो । वहाँको दैनिक चर्या अनुसार वहाँ प्राणीहरुमा करुणा फिजाउनु हुन्थ्यो । वहाँ आफ्नो शारीरिक काम बाहेक बाँकी समय बहुजन हितको, सुखको निम्ति प्रयोग गर्नु हुन्थ्यो । यस सम्वन्धमा जानकारी लिन बुद्धको पाँच दैनिक चर्याबारे केही चर्चा गरौं ।

१. भोजन पहिलेको चर्या
२. भोजन पछिको चर्या
३. पूर्वयामिक चर्या
४. मध्ययामिक चर्या
५. पश्चिमयामिक चर्या

## १. भोजन पहिलेको चर्या

भगवान बुद्ध बिहान सवेरै मुख धुने आदि शारीरिक काम सिध्याई भिक्षाटन जाने बेला नभए सम्म एकान्त ठाउँमा बसी समय बिताउनु हुन्थ्यो ।

* भिक्षाटन जाने बेला भए पछि चीवर धारण गरी दानपात्र लिई एक्लै अथवा भिक्षुसंघ सहित गाउँ वा शहरमा भिक्षाटन जानुहुन्थ्यो ।

* दाताहरुले दिएको भोजन सत्कारपूर्वक ग्रहण गरिसकेपछि उनीहरुलाई बुद्धले धर्मोपदेश गर्नुहुन्थ्यो ।

* दाताहरुको दान संग्रह गरिसकेपछि बुद्ध बिहारतिर फर्केर जानुहुन्थ्यो ।

* विहारमा पुगेपछि बुद्ध भिक्षुहरुको भोजन नसकिएसम्म मण्डप मालमा विछ्याईराखेको वर बुद्धाशनमा बस्नु हुन्थ्यो ।

* भिक्षुहरुको भोजन सकिएपछि उपस्थापक भिक्षुले भगवानलाई खवर गर्नुहुन्थ्यो र त्यस पछि भगवान बुद्ध गन्धकुटीभित्र जानुहुन्थ्यो ।

यति समय सम्मको चर्यालाई भोजन पहिलेको चर्या भनिन्छ ।

## २. भोजन पछिको चर्या

भगवान बुद्ध गन्धकुटी भित्र जानु भई खुट्टा पखाली उपस्थापक शालामा बस्नु भई भिक्षुहरुलाई अपवाद उपदेश दिनुहुन्थ्यो ।

* अनि भिक्षुहरुले भगवान बुद्धलाई अभिवादन गर्दै ध्यान भावना सम्वन्धि प्रश्न सोध्ने गर्थ्यो र भगवानले भावनाका कुराहरु प्रकाश पारिदिनु हुन्थ्यो ।

* त्यसपछि भिक्षुहरु अनुकूल स्थानमा गई ध्यान अभ्यास गर्ने गर्दथ्यो ।

* त्यसपछि भगवान बुद्ध सिंहशय्या मुद्रामा लेटेर एकछिन आराम लिनुहुन्थ्यो ।

* अनि दिनको दोस्रो भागमा महाकरुणासमापत्ति ध्यानबाट लोकलाई हेर्नुहुन्थ्यो ।

* दिनको तेस्रो भागमा भगवान जुन गाउँ वा शहरमा बस्नुभएको हो, त्यस गाउँ वा शहर का मानिसहरु भेला भएको परिषदलाई सुहाउँदो धर्मोपदेश गर्नुहुन्थ्यो ।

## ३. पूर्वयामिक चर्या

पूर्वयामिक चर्या भन्नाले साँझ



Downloaded from http://www.dhamma.digital

६:०० बजेदेखि राती १०:०० बजेसम्मको समयलाई बुझाउँछ ।

* भोजनपछिको चर्या सकिएपछि साँझ बुद्ध चाहेमा नुहाउनु हुन्थ्यो ।

* त्यसपछि उपस्थापकले गन्धकुटीको प्राङ्गणमा बिछ्याएको आसनमा एकछिन समाधि बस्नुहुन्थ्यो ।

* अनि बुद्धको उपासना गर्न आउने भिक्षुहरुले कहिले ध्यान सम्बन्धि कुरा त कहिले धर्म श्रवणको निमित्त प्रार्थना गर्ने गर्दथ्यो ।

* यसरी भिक्षुहरुको अभिप्राय अनुसार धर्मोपदेश गरी बुद्ध रातको प्रथम याम बिताउनु हुन्थ्यो ।

४. <u>मध्ययामिक चर्या</u>

मध्ययामिक चर्या भन्नाले राती १०:०० बजेदेखि राती २:०० बजेसम्मको समय भन्ने बुझिन्छ ।

* भिक्षुहरु भगवानलाई वन्दना गरी फर्केपछि अवकाश पाएका सबै दश सहस्र लोक धातुका ब्रम्ह देवताहरु आई अनेक प्रश्नहरु सोध्ने गर्दथ्यो।

* यसरी सोधिएका प्रश्नहरुको जवाफ दिनुभई भगवान बुद्ध मध्ययाम बिताउनुहुन्थ्यो ।

५. <u>पश्चिमयामिक चर्या</u>

पश्चिमयामिक चर्या भन्नाले राती २:०० बजेदेखि विहान ६:०० बजेसम्म को समय भन्ने बुझिन्छ।

* पश्चिमयामलाई पनि ३ भागमा विभाजन गरिन्थ्यो ।

* पहिलो भागमा बुद्ध चंक्रमण गर्नुहुन्थ्यो ।

* दोस्रो भागमा गन्धकुटीभित्र बस्नु भई सिंहशय्या मुद्रामा लेटी स्मृति सम्प्रजन्य भई समय बिताउनुहुन्थ्यो ।

* तेस्रो भागमा महाकरुणा समापत्ति ध्यानमा बसी बुद्ध चक्षुद्वारा लोकमा दृष्टि पुऱ्याउनु हुन्थ्यो ।

यसरी भगवान बुद्धमा भएको गुणलाई सम्झेर हामी पनि जागृत भई अरुको हित र सुखको निम्ति केही गरौं ।

(यो लेख सुश्री सबिता धाख्वाद्वारा लिखित "भगवान बुद्धका दिनचर्या" लेखको आधारमा तयार पारिएको हो ।)

## शान्तिको दियो बल्छ

- तीर्थ कुमारी महर्जन
ज्योतिविहार, चापागाउँ

स-साना ढुङ्गाहरु मिलिकन
ठूलो पहाड बन्छ ।
थोपा थोपा पानी जम्मा भई
ठूलो समुन्द्र बन्छ ।
हिंसालाई पर सारे
शान्तिको दियो बल्छ ।

ठाडो-तेर्सो अनी लामो-छोटो
धर्सो मिलिकन
सिङ्गो अक्षर बन्छ ।
सिङ्गो अक्षरहरु मिलिकन
एउटा शब्द बन्छ ।
अशान्तिलाई जित्न सके
शान्तिको दियो बल्छ ।

शब्द शब्द मिलिकन
पूर्ण वाक्य बन्छ ।
बुद्ध-धर्म फिजिकन
शान्तिको दियो बल्छ ।

जसले पुरोहित काम गरी जीविका गर्छ, त्यो ब्राम्हण होईन, याचक (मगन्ते) हो । - धम्मपद



Downloaded from http://www.dhamma.digital

## जातक बाखँ

# शकुन अपशकुन
## (असिलक्खन जातकय् आधारित)

छगु समय बाराणसी देशे ब्रम्हदत्त जुजुं राज्य याना च्वंबले तरवारया लक्षण स्वईम्ह छम्हं ब्राम्हण दुगु जुया च्वन । व ब्राम्हणया स्वभाव धासा सुयागु ल्हा:तं छुं दै वयागु तरबार शुभ, बाँला, मंगल जु । सुया पाखें छुंदै मखु, वयागु तरबार मभिं, अमंगल धाइगु जुया च्वन् ।

छन्हु छम्ह कौ (नकर्मी) तरबार छपु दयका मलय्‌या धु: तया जुजु यात चढेयाय् हल । जुजुं ब्राम्हण सत्‌के छ्वया तरबार परिक्षण या: धका आज्ञा बिल । ब्राम्हणं तरबार लिक्या नतुना स्वबले मलय्‌या धु: न्हासे दुहा वन । हाँच्छिका त: बले तरबारया धारं वयागु न्हाय् निकु दत । अले जुजुं ब्राम्हण यात वैद्ययाथाय् वना न्हाय् लंका बनावती न्हाय् तया वा धका छ्वल । वाराणसी जुजुया काय् मदु । छम्ह म्हयाय् व (छम्ह) भिंचा दु । इपिं छथाहे हुर्के जुया थवं थवे आकर्षित जुया वल । जुजुं अमात्य पिनी नापं छलफल याना भिंचा व म्हयाय् छुटे याना तया बिल । तर इपिं न्हापानसें आसक्त जुया च्वंपिनं ख: । १६ वर्षया विलि विलिं जागु बैसं तत:मत: क्यने धुंकूपिनं ख: । प्रेमया शोक चरम सिमाय् थ्यंगुया कारणं वं विचा यात- पाजुया म्हयाय् गथे याना दरबारं पिकाय् फई ? वं ज्योतिषनी सता छोछिदां बिल । भाग्य स्वइम्ह ज्योतिषनीनं प्रश्न यात - जी छुयाय् माल ? छं यात धासा: याय् मफूगु ज्या: छुंकें मदु, छु यासा जीई जुजुया म्हयाय राजभवनं पित हयगु ज्या: या: । ज्यू जी दर बारे वना थथे धाये । महाराज । राजकुमारी याके भूत दुबिना च्वन, थ्व बिषय सुनानं लिफ: स्वगु हे मदु । उकिं राजकुमारीयात भिंगु दिं स्वया शस्त्र धारी मनु त: ज्वना जी चिहाने वने । खाता क्वय् लास तया खाताय् राजकुमारीयात तया सछि: व च्याग: मस्वागु ल: धपं मोल्हु:का भूत (अमनुस्य) पिकाय् । थथे याना राजकुमारीयात चिहाने यंके, छ: वहे दिने जीपिं वनेगु न्ह्यो भतिचा मलय्‌या धु: ज्वना थगु सैन्य शक्ति छ्खेतया थ: याकचा मसाने सि: म्ह: थें घना च्वं । जी अन वया छंगु च्वय खाता तया राजकुमारीयात खाताय् थ्यनेबले छं मलेया धु: न्हा:से तया निक स्वक: हाच्छिंका तयवं जीपिं राजकुमारी तोता बिस्युं वने । छं राजकुमारी यात मोल्हुका थनं मोल्हुया थ: च्वनेगु थाय यंकी । ज्यू थ्व बाँलागु उपाय ख: धका जुजुया भिंचां स्वीकार यात । ज्योतिषिनी जुजुया थाय वना खायुगु सत्य तोपना च्वंगु खँ:कना जुजुयात स्वीकार याकल । सत्य खँया रहस्य कना ब्यूबले राजकुमारी नं स्वीकार यात । थ: वनेगु दिने जुजुया भिंचायात खबर बिया यक्व परिवार नापं चिहाने वना शस्त्र धारीतयत: ग्याकेत थथे धाल - राजकुमारी यात खाताय् तयबले क्वय् च्वंगु मृत शरीरं हाच्छुंयाना दना वया न्हापां सुयात स्वई वईतहे ज्वनी । उकीं छिपीं होसियार जुया च्वं । राजकुमार न्हापा हे वना घना च्वन । ज्योतिषिनीनं राजकुमारी यात खाताय् तल । उवलेसं मले धु: न्हासेतया हाँच्छिंका तल । वं हाँच्छिंका तय मात्रं हे ज्योतिषिनी राजकुमारी यात तोता



Downloaded from http://www.dhamma.digital

चिच्या मिच्या दंक हाला दकले न्ह्यने बिस्यूं वन । व बिस्यूं वंबले गुलिसिनं ल्हाते च्वंगु शस्त्र अस्त्र हे तोता फयां फक्व बल पिकया बिस्यूं वना च्वन । अनं सुं हे च्वने छागु मखुत । न्हापायागु सल्लाहथें दक्व ज्या: सिदय्का राजकुमारी ज्वना थ: च्वना च्वंगु थासे वन । ज्योतिषिनी जुजुयाथाय वना दक्व खँ कन । जुजुं स्वीकार याना भिंचायात राज्य व म्हयाय बिया इपिनापं मिले जुया च्वन । जुजुया भिंचानं धर्म पूर्वकं हे राज्य यानाच्वन । छन्हू राजोपस्थाने वया तरवारया लक्षण स्वइम्ह ब्राम्हण सूर्य पाखे स्वया उपस्थान याना च्वंबले नक्कली न्हाय नाया कुटुं वल । अले व लाजं क्वय् स्वया च्वन । राजां न्हिला धाल - भो आचार्य । शोक याय मते । हाँच्छिंका तय्गु सुयात मंगल जुसा सुयातं अमंगल नं जुई फू । छं हाँच्छिंका तया न्हाय मदय्का च्वनेमाल । जीं हाँच्छिंका तया पाजुया म्हयाय राजकुमारी व राज्य तक्क प्राप्त याना ।

☐ हेराकाजी देशार

| |
|---|
| बुद्धको जीवनमा तलका घटनाहरु निम्नलिखित दिनहरुमा घटेका थिए :-<br><br>बिहिबार - आमाको गर्भमा प्रवेश<br>शुक्रबार - जन्म<br>सोमबार - गृहत्याग<br>बुधबार - बोधिज्ञान लाभ<br>शनिबार - धर्मचक्र प्रवर्तन<br>मंगलबार- परिनिर्वाण<br>आइतबार- दाह संस्कार |

## बुद्ध

-रमेश देशार "A"
ज्योतिविहार, चापागाउँ
प्रवेश द्वितिय बर्ष

एशियाको तारा
शान्त मानव

कुमार्गको विरोध गरी
सत्मार्गमा जान सिकायौ ।

जीवनमा कर्मकाण्ड र अन्ध-
विश्वासको त्याग गरी
बुद्ध शिक्षालाई ब्यवहारमा उतार्न
प्रेरणा जगायौ ।

शान्तिको दुत बनेर
शान्तिको दीप जलायौ ।

सादा जीवन उच्च विचारका साथ
जिउनु पर्दछ भनी सिकायौ ।

प्राणीलाई बहुजन हिताय,
बहुजन सुखायको मन्त्रले
बाँच्न सिकायौ ।

प्राणी जगतको पालक बनेर
संसारमा महामानव भएर चिनायौ ।

अहिंसाको पुजारी भएर
विश्वलाई ज्योति देखायौ ।

पञ्चशीलको पालन गरेर आफ्नो
सिद्धान्त उच्च बनायौ ।

बुद्ध तिमीले मानव भएर पनि
दु:खबाट मुक्त हुने बाटो देखायौ ।

मानव धर्मको पालना गर्दै
मानवताको पाठ सिकायौ ।

आफू नै आफ्नो नाथ हो, आफू बाहेक अरु नाथ को छ ? आफूलाई आफूले दमन गर्नेलाई दुर्लभ नाथ प्राप्त हुन्छ ।
- धम्मपद (अत्तवग्गो)



Downloaded from http://www.dhamma.digital

(बौद्ध तीर्थस्थल)

# बुद्ध गया एक परिचय



विभिन्न बौद्ध तीर्थस्थलहरु बारे पाठकहरुलाई जानकारी गराउँदै लैजाने क्रममा गताङ्कमा कान्हेरी गुफाको बारेमा जानकारी प्रस्तुत गर्‍यौं । यस अंकमा यस्तो ठाउँसँग परिचित गर्न लागिएको छ कि जुन ठाउँबाट सिद्धार्थ कुमारलाई सङ्गलो, निर्मल धर्मचक्षु प्राप्त भयो ।

बुद्धगया जहाँबाट शाक्य राजकुमार सिद्धार्थलाई संबोधि लाभ भएको थियो । यो स्मरणीय घटना गयाको उरुबिल्व भन्ने ठाउँमा पिपलको रुखमुनि ध्यान बसिरहँदा घटेको थियो । यसैको सम्झनामा यो स्थानलाई बुद्धगया र रुखलाई बोधि बृक्ष भन्ने गरेको हो । बुद्ध जगतमा यो ठाउँ महाबोधि नामले पनि प्रसिद्ध छ ।

राजकुमार सिद्धार्थलाई संबोधि ज्ञान प्राप्त भएको पवित्र स्थानको कारणले टाढा टाढाका यात्रीहरु यसको दर्शनार्थ लालायित हुन्छन् । पवित्र वृक्ष भगवान बुद्धको हीरा निर्मित बज्रासन, जहाँ बसेर बुद्धले दिव्य ज्ञान प्राप्त गरेका थिए, को रक्षा तिनका अनुयायीहरुले अत्यन्त श्रद्धा र लगनसहित गरेका छन् । नगरको चारैपट्टि पवित्र स्थान राज स्मारक बनाईए । त्यसबेलाको बुद्धगयाको दृश्यको झलक चिनीयाँ यात्री व्हेनसांगको वर्णनबाट थाहा हुन्छ । अहिलेको त्यहाँको बोधिवृक्ष (पिपलको बोट) बुद्धकालीन बृक्षकै शाखा संतान हो । बोधिज्ञान प्राप्तिको स्थानमा अशोकले कयौं स्मारक बनाउन लगाएका थिए भन्ने भनाइ छ । अशोकको त्यस कृत्तिको अहिले भग्नावशेष पनि छैन । तर पहिलो युगमा बनाइएको स्मारकले अझ पनि सौन्दर्य प्रदर्शन गरिरहेको छ । भनिन्छ, बर्मामा बनिएको महाबोधि मन्दिर सित यस मन्दिरको धेरै समानता छ । बुद्धगयाको वर्तमान मन्दिर प्राय: १६० फुट र यसमा सिधा किनारको पिरामिड झैं बनिएको छ । सारा विश्वका दर्शक तथा यात्रीहरु यसको भव्यता र बिशालताबाट आकर्षित भई दर्शन गर्न आउँछन् । चारैतिर फैलिएको अलंकृत स्तूप र सुन्दर मूर्तिहरुले आज पनि टाढा टाढाबाट आउने दर्शक समुदायको मन हरण गर्दछ । यसैको छेउमास्थित मूर्ति संग्रहालय, महन्तको निवास भवन, सुन्दर मूर्ति र द्वारका अवशेष यहाँका अनुपम निधि हुन् । मन्दिरका सबभन्दा छेउमा सात पुण्य स्थल छन्, जहाँ भगवान बुद्धले आफ्नो बुद्धत्व प्राप्तिको शान्तिपूर्ण सात हप्ता बिताएको विश्वास गरिन्छ । ललितपुरको महाबौद्ध मन्दिर यसै मन्दिरको नमूनामा तयार गरिएको मानिन्छ ।

□ शाक्य सुरेन



Downloaded from http://www.dhamma.digital

# भिक्षु ज्ञानपूर्णिकको

## संक्षिप्त जीवनी



युवक भिक्षु ज्ञानपूर्णिक युवा बौद्धहरुलाई प्रेरणा दिने, बौद्ध परियत्ति शिक्षालाई टेवा दिने अध्ययनशील बौद्ध विद्वान हुनुहुन्छ । वहाँको जन्म वि.सं. १९९६ कार्तिक शुक्ल एकादशीका दिन पश्चिम नेपालको सुन्दर नेवार बस्ती तानसेन टक्सारमा भएको थियो । उहाँको पिताको नाम सूर्यलाल शाक्य र माताको नाम चन्द्रमाया शाक्य थियो । वहाँको बाल्यकालको अध्ययन घरैमा सम्पन्न भयो । केही समयको लागि शील पाठशाला तानसेन टक्सारमा र पछि १५ वर्षको उमेर सम्म बुद्धघोष महास्थविरको छत्रछायाँमा रही बौद्धशिक्षा र पाली भाषाको अध्ययन गर्नुभयो । उहाँ १६ वर्षको उमेरमा वि.सं २०१३ सालमा बर्मामा जानुभई भदन्त उ. विसुद्धाभिवंस महास्थविरबाट श्रामणेर दीक्षा ग्रहण गर्नुभयो । त्यसपछि उहाँ विभिन्न धर्मगुरुको संगतमा बसी बुद्धधर्मको अध्ययनमा अनवरत लाग्नुभयो । २०१५ सालमा सयादो उ सुरिया भिवंसबाट उपसम्पदा भिक्षुत्व पनि बर्मा देशमा नै ग्रहण गर्नुभयो । इ. सं. १९६३ मा उहाँले बर्माको सरकारी पाली विश्व विद्यालयबाट "सासनधज धर्माचरिय" उपाधि पनि प्राप्त गर्नु भएको थियो । वहाँ ई.सं. १९६४ देखि १९६६ सम्म बर्मा देशद्वारा प्रकाशित सरकारी स्तरको पाली बर्मेली विश्व शब्दकोष निर्माण कार्यमा संलग्न हुनुभयो । मंगोलियामा सम्पन्न भएको पाँचौ शान्तिको लागि एशियाली बौद्ध सम्मेलनमा प्रतिनिधिको रुपमा सम्मिलित हुनुको साथै सो सम्मेलनको कार्यकारिणी सदस्यमा समेत मनोनित हुनुभयो । वहाँले ई.सं. १९८१ मा बर्माका विश्व प्रसिद्ध विपस्यना ध्यान गुरु अग्ग महापन्डित महाशी सयादोको धर्मदूत र भाषा परिवर्तकको रुपमा नेपाल तथा भारत भ्रमण गर्नु भयो । यसरी नै ई.सं. १९७९ देखि १९८२ सम्म West Midlands Budhist and Bir minjham England मा धार्मिक सेवा पनि गर्नु भयो ।

यसरी वहाँले विश्वका विभिन्न राष्ट्रहरुको भ्रमणको साथै स्वदेश र विदेशमा रहि विभिन्न धार्मिक सेवाहरु पनि गर्नुभएको छ । उहाँले अमेरिका,



Downloaded from http://www.dhamma.digital

बर्मा, थाइल्याण्ड, मलेशिया, सिंगापुर, अष्ट्रेलिया, ईंगल्याण्ड, आदि देशहरुको धेरैपटक भ्रमण गर्नुभएको छ ।

उहाँले नयाँ बानेश्वर स्थित विश्व शान्ति विहार निर्माण गर्नु भयो भने ललितपुर, ठेचो स्थित वेलुवनाराम विहार निर्माणमा पनि सक्रीय संलग्न रहनुभयो । मणि मण्डप महाविहार, पट्को, पाटनको जीर्णोद्धार को साथै अर्न्तराष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमोल स्थापनार्थ र निर्माणार्थ सक्रीय रुपमा संलग्न हुनुभयो ।

ने.सं. १०९० मा श्रेष्ठ सिरपा प्राप्त गर्नुहुने वहाँ हाल युवक बौद्ध मण्डल (वाइ. एम. बि. ए) नेपाल र अर्न्तराष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमोलका धर्मानुशासक, अखिल नेपाल भिक्षु महासंघका महासचिव, लुम्बिनी बिकास कोषका सदस्य तथा नेपाल बौद्ध परियत्ति शिक्षाको शिक्षाध्यक्ष पदमा कार्यरत हुनुहुन्छ ।

वहाँ बुद्धधर्मको कर्मठ लेखक पनि हुनुहुन्छ । वहाँको हालसम्ममा लिखित तथा अनुदित ठूला साना धार्मिक पुस्तकहरु ३७ वटा जति प्रकाशित भैसकेको छ । अस्तु ।

गाडीका चार चक्काहरु, जस्तैः- बुद्ध-शासनमा चार परिषद्हरु छन् - १. भिक्षु, २. भिक्षुणी, ३. उपासक, ४. उपासिका ।

# शब्दको अर्थ

विज्ञान, अर्थशास्त्रमा बिभिन्न प्राविधिक शब्दहरु भएजस्तै बुद्ध धर्ममा पनि दार्शनिक शब्दहरुको प्रयोग भएका छन्, जस्को चलन चल्तीको अर्थ र बुद्ध धर्ममा यसको अर्थ भिन्ना भिन्नै छ । पाठकहरुको सजिलोको लागि क्रमशः यी शब्दहरुको अर्थ दिदै जानेछौं ।

| शब्द | अर्थ |
|---|---|
| उपोसथ | - ब्रत, शुद्ध स्वच्छशील |
| आनुभाव | - प्रभाव, शक्ति |
| प्रतिपति | - आचरण, ध्यान, भावना |
| प्रमाद | - बेहोस |
| संस्थागार | - सभा, मण्डप |
| स्थविर | - भिक्षु भएर दश वर्ष भएको |
| निदान | - कारण, भूमिका |
| स्कन्ध | - समूह |
| अप्राणक ध्यान | - श्वास रोकेर गर्ने ध्यान |
| आनापान स्मृति ध्यान | - श्वास तान्ने र फेर्नेमा होश राख्नु |
| भिक्षाचरण | - भिक्षा दान लिन जानु |
| च्यूत्युपत्ति | - प्राणीहरु मरेर जन्म लिनु |



Downloaded from http://www.dhamma.digital

# बौद्ध परियत्ति शिक्षाले जन्माएका युवा बौद्ध व्यक्तित्व सुश्री अमिता धाख्वासंग एक क्षण ।



नाम : अमिता धाख्वा
ठेगाना : नागबहाल, ल.पु.
शिक्षा : एम. एस्सी, परियत्ति सध्दम्म कोविद
जन्म मिति: २०१४ मंसिर २६
पेशा : स. पोष्ट हाभेष्ट क्षति नियन्त्रक
कृति : "महापरित्राणया संक्षिप्त परिचय"
विभिन्न पत्र पत्रिकामा लेख प्रकाशित
सदस्य : नेपाल बौद्ध परियत्ति परीक्षा उपसमिति
उपाध्यक्ष : योगी संरक्षिका महिला कमिति, अर्न्तराष्ट्रिय बौद्ध भावना केन्द्र
सचिव : विश्व शान्ति दायक समिति

**प्र. १) तपाईको दृष्टिमा बौद्ध परियत्ति शिक्षाको बर्तमान स्थिति कस्तो देख्नुहुन्छ ?**

* २०२० सालमा संस्थागत रुपमा स्थापित यस नेपाल बौद्ध परियत्ति शिक्षा सिमित साधन र स्रोतको बावजूत पनि नेपाल अधिराज्यको विभिन्न स्थानहरुमा केन्द्रहरु खोली कक्षागत रुपमा अध्ययन र अध्यापन गराउँदै अहिले सम्म जुन निरन्तरता कायम गर्न सकेको छ, त्यो कम उत्साहको कुरो होइन । तर ३१ वर्ष भइसकेको यो शिक्षण संस्थाको जति उन्नति र अभिवृद्धि हुनुपर्ने हो, त्यति हुन अवश्य पनि सकेको छैन । सरकारी स्तरबाट मान्यता पाउन नसक्नु, साधन र स्रोतको अभाव, धार्मिक आस्था प्रति जनचेतनाको अभाव आदि विभिन्न समस्याले गर्दा यो बौद्ध परियत्ति संस्थाको वर्तमान स्थिति त्यति मजवूत र फलभूत भएको देखिन्दैन ।

**प्र. २) यो शिक्षा अहिलेसम्म नेपाल भाषाबाट मात्र दिइदैंछ । यसरी एक भाषाबाट मात्र शिक्षा दिंदा अरु भाषा भाषिकाहरुले कसरी यो शिक्षा प्राप्त गर्लान र ? तपाईको विचारमा अरु भाषाबाट पनि यस शिक्षा दिनुपर्छ जस्तो लाग्छ कि लाग्दैन ?**

* बौद्ध परियत्ति शिक्षा नेपाल भाषाको माध्यमबाट मात्र शिक्षा दिनु पर्छ भने अवश्यै छैन । भाषा त एउटा माध्यम मात्र हो । पहिले जस्तो यो शिक्षा नेवार समुदायमा मात्र सिमित हुनुहुन्दैन । २०४७ सालमा प्रजातंन्त्र आएपछि धर्म निरपेक्षताको आन्दोलनले गर्दा बौद्ध जनजातिहरुमा जागरण आयो र उनीहरुले बुद्ध धर्मको अध्ययन गर्नु पर्छ भन्ने महशुस गर्दै आएको छ । उनीहरु समक्ष यो



Downloaded from http://www.dhamma.digital

परियत्ति शिक्षा दिन नेपाली भाषाको पाठ्यपुस्तक हुनु जरुरी छ । प्राय: जसो पाठ्यपुस्तक नेपाल भाषामा भएकोले यी पुस्तकहरु नेपालीमा अनुवाद गर्दै लग्नु पर्ने परिस्थिति आएको छ । हुन त अहिले पनि परियत्तिको जाँच दिंदा नेपाली र नेपाल भाषा जुन माध्यम बाट जाँच दिए पनि हुन्छ भनेर, केन्द्रले मान्यता दिइआएका छन् । उपत्यका बाहिरका केन्द्रहरुबाट पनि नेपाली भाषाबाट परियत्ति संचालन गर्न माग आएको छ ।

प्र. ३) एक व्यक्ति परियत्ति शिक्षा सिकेर र कसैको प्रभावबाट बुद्ध धर्ममा प्रवेश हुँदा कस्तो फरक पाइन्छ होला ?

* परियत्ति शिक्षा राम्ररी अध्ययन गरी धर्ममा नै प्रवेश गर्ने व्यक्तिले जति धर्मको रस लिन जान्दछ उती अध्ययन नगर्ने व्यक्तिले लिन जान्दैन ।

प्र. ४) तपाईको विचारमा बौद्ध परियत्तिको भविष्य कस्तो देख्नुहुन्छ ?

* बौद्ध परियत्ति प्रति आस्था राख्ने हामीहरु सबै मिलेर आफ्नो दक्षता र क्षमता अनुसार परियत्ति शिक्षाको प्रचार प्रसार र विकासमा सक्दो सहयोग दिएमा यस्को भविष्य राम्रो हुने कुरामा शंका छैन । अधिराज्य भरिका विभिन्न ठाउँहरुमा रहेका बौद्ध जनजातिहरुमा यो शिक्षाको प्रचार प्रसार गर्नु अति आवश्यक भएको देखिन्छ । सरकारी तथा निजि स्कूलहरुमा पनि यो परियत्ति शिक्षा विस्तार गर्नु पर्दछ । हाल नमूनाको रुपमा दिपंकर परियत्ति केन्द्रले आदर्श सरल माध्यमिक विद्यालयमा सरकार बाटै मान्यता हुने गरी परियत्ति शिक्षा दिइआएका छन् ।

प्र. ५) बौद्ध परियत्तिले तपाईको जिवन सफल गराउन कस्तो योगदान गरेको जस्तो लाग्छ ?

* परियत्ति शिक्षा धारण र पालन गर्न सक्यो भने हाम्रो जीवन अवश्य सफल हुन्छ । परियत्ति शिक्षाबाट सुख र शान्तिको उपाय शिल, समाधि र प्रज्ञाको मार्ग अनुसरण गर्ने प्रेरणा तथा मार्ग दर्शन प्राप्त गर्न सक्ने भएको हुनाले यो परियत्ति शिक्षाको ठूलो योगदान रहेको छ ।

प्र. ६) बौद्ध परियत्तिको पाठ्यक्रममा सिमित लेखकहरुको पुस्तक मात्र समावेश गरिएको छ, भन्ने गुनासो सुन्नमा आएको छ यसरी बौद्ध संस्था संस्थागत रुपमा अधि बढ्न सक्ला र ?

* हो, यो गुनासो आइराखेको अवश्य छ । नेपाल बौद्ध परियत्ति शिक्षण संस्थाको केन्द्रीय कमिति अन्तर्गत विभिन्न उप कमितिहरु छन् । ती मध्ये पाठ्यक्रम र पाठ्यपुस्तक विकास उप समिति पनि छ । त्यस उप समितिमा पुग्ने गरी आवश्यक सुझाव र सहयोग दिई यस विषयमा गम्भीर बिचार गर्नु आवश्यक छ ।

प्र. ७) बौद्ध परियत्ति सुचारु रुपले सञ्चालन गर्न केन्द्रले कस्तो भूमिका खेल्नु पर्ला जस्तो छ ?

* बौद्ध परियत्ति सुचारु रुपले



Downloaded from http://www.dhamma.digital

सुव्यवस्थित रुपमा संचालन गर्न प्रधान केन्द्‌ले ठूलो भूमिका खेल्नु पर्दछ । यस केन्द्रमा प्रशासनिक तथा व्यवस्थापन कार्य राम्रो हुनु पर्दछ र यस केन्द्रले अरु केन्द्रहरुमा आपसी सम्वन्ध कायम गरी रेखदेख गर्नु पर्दछ र आवश्यक निति निर्देशन दिई सक्रीय रुपमा उत्साहीत गर्नु पर्दछ ।

**प्र. ८) हाम्रो विचारमा परियत्ति शिक्षाको गुणस्तर बढाउन प्रशिक्षक प्रशिक्षण तालिमको नितान्त आवश्यक छ , केन्द्रको यस्मा के सोचाई छ, प्रकाश पारिदिनुहुन्छ कि ?**

* केन्द्रले पनि शिक्षाको गुणस्तर बढाउन प्रशिक्षक प्रशिक्षण तालिम दिनु आवश्यक छ भनी सोचेकै छ होला । भिक्षु सुदर्शन महास्थविर ले एक चोटि किर्तीपुरमा तीन दिने प्रशिक्षक प्रशिक्षण तालिमको आयोजना गरी तालिम दिएको थियो । यस्तो तालिम समय समयमा गर्नु आवश्यक छ । त्यस्तै बुद्धिजीवी, शिक्षकहरु, अभिभावक एवं विद्यार्थीहरु भेला गरी परियत्ति शिक्षा उन्नति र अभिवृद्धि गर्न के गर्नु पर्ला भन्ने विषयमा विचार गोष्ठी पनि बारंबार गर्नु पर्दछ ।

**प्र. ९) परियत्तिका प्रशिक्षकहरुलाई आकर्षणको लागि कुनै पारिश्रमिक, पुरस्कार र सम्मानको व्यवस्था गरेको छैन, भनि धेरै जसो शिक्षकहरुको गुनासो छ, यसमा केन्द्रले के सोचाई लिएको छ ?**

* परियत्ति शिक्षा अध्ययन कार्यमा शिक्षक शिक्षीकाहरुले आफ्नो श्रद्धा अनुसार नि:शुल्क सेवा गर्दै आएको छ । यो परम्परा श्रद्धाको आधारमा परन्तु सम्म तिक्न गाह्रो हुन्छ । पारिश्रमिक, पुरस्कार र सम्मानको व्यवस्था गर्न सके राम्रो हुन्छ । तर आर्थिक स्थिति कमजोर भएको हुनाले, पारिश्रमिक व्यवस्था गर्ने स्थितिमा पुग्न गाह्रो भइराखेको छ । हुनत: परियत्तिको प्रश्न पत्रहरु बनाउँदा र परिक्षा पत्र जाँच्दा पत्र पुष्पको रुपमा अलिअलि भएपनि पारिश्रमिक दिदै आएको छ ।

परियत्तिको रजत जयन्ती मनाउँदा २०४५ सालमा परियत्तिमा सहयोग गर्दै आएका शिक्षक शिक्षिकाहरुको शिक्षण वर्ष अनुसार प्रमाण पत्र र पुरस्कार दिएको थियो ।

**प्र. १०) अन्त्यमा यस पत्रिमा मार्फत परियत्तिका हाम्रा साथीहरुलाई एवं पाठकहरुलाई केहि भन्नु छ, कि ?**

* परियत्ति शिक्षा हाम्रो जिवन स्वच्छ, सुख र शान्ति पूर्वक विताउन नभई नहुने शिक्षा भएको हुनाले यसको अध्ययन गर्नुपर्छ । स्कूल अथवा क्यामपसको साधारण शिक्षामा मात्र सन्तोष नरहेर आफ्नो चारित्रिक धरातल सबल गर्न, आफ्नो मनलाई बसमा राख्न तथा मनलाई शुद्ध परिशुद्ध गरी शान्तिको अनुभव गर्न परियत्ति शिक्षाको ज्ञान हुनु अति आवश्यक भएकोले यो शिक्षाको अध्ययन गर्न पछि नपर्नु होला । परियत्ति शिक्षा आफूले पनि प्राप्त गरी अरुलाई शिक्षा दिन तन, मन र धनले सहयोग गर्न तिर लाग्न सकोस् भनी सुभेच्छा व्यक्त गर्दछु ।



Downloaded from http://www.dhamma.digital

## परियत्ति गतिविधि

### महास्थविर भिक्षु अश्वघोष सम्मानित

श्री ५ महाराजाधिराज विरेन्द्र विर विक्रम शाहदेवको ५० औं शुभजन्मोत्सवको उपलक्ष्यमा महास्थविर भिक्षु अश्वघोष "सबल गोर्खा दक्षिण बाहु (तेस्रो)" पदवीले विभूषित हुनु भएको छ । साथै उहाँलाई श्री स्वयम्भू ज्ञानमाला भजन खल: ले पनि "ज्ञान माला रत्नवत सिरपा:" पुरस्कार प्रदान गरेको छ । उहाँ प्रति "ज्योतिदय संघ, ज्योति विहार, चापागाउँ" हार्दिक बधाई ज्ञापन गर्दछ ।

### बौद्ध जागरण शिविर सम्पन्न

युवा बौद्ध समूह, काठमाण्डौ र संघाराम भिक्षु तालिम केन्द्रको संयुक्त तत्वाधानमा ०५१ साल १९ फागुण देखि २२ फागुण सम्म चार दिने बौद्ध जागरण शिविर संघाराम भिक्षु तालिम केन्द्र, ढल्को, क्षेत्रपाटीमा सम्पन्न भयो । सो शिविर बुद्ध धर्मको बारेमा राम्रो संग शिक्षा दिलाउने र उनीहरुमा धार्मिक भाव जगाइ समाज उत्थानमा संलग्न हुन सकोस भन्ने ध्येयले संचालन भएको थियो । ज्योतिदय संघ, ज्योतिविहारका २५ जना प्रशिक्षार्थीहरुले शिविरमा भाग लिएको सो चार दिने शिविरमा भिक्षु अश्वघोष द्वारा बुद्ध धर्म र व्यवहारिक पक्ष, बुद्ध धर्म र समाज उत्थान भिक्षु भद्दियद्वारा बौद्ध कथा, भावना र छलफल, भिक्षु कोण्डन्य द्वारा बुद्ध जीवनी, अ. ज्ञानवती द्वारा गृहि विनय, शाक्य सुरेन द्वारा बुद्ध धर्म र विकास, अमिता धाख्वाद्वारा चतुआर्यसत्य, डा. केशवमान शाक्यद्वारा दशपारमिता, हर्षमुनी शाक्यद्वारा बुद्ध धर्म र नेवार, तेज नारायण पंजीयारबाट बुद्ध धर्म र थारु जाति, त्रिरत्न मानन्धरद्वारा पंचशीलको महत्व र प्रदीप थापा बाट बुद्ध धर्म र मगर जाति विषयमा कक्षा संचालन गरेको थियो ।

शिविरको अन्तिम दिन २२ फागुणमा विदाई समारोहमा शाक्य सुरेनद्वारा स्वागत भाषण, युवा बौद्ध समूहका अध्यक्ष हर्षमुनी शाक्य बाट मन्तव्य, प्रशिक्षकको तर्फबाट राम देशारबाट मन्तव्य व्यक्त गर्नुका साथै युवा बौद्ध समूहका कोषाध्यक्ष द्वारा धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

### ज्योति विहारको निर्माणको निम्ति रु ५०० भन्दा माथि चन्दा दिई सहयोग गर्नेहरुको नामावली:

| | |
|---|---|
| १)विपस्सी भन्ते (थाइल्याण्ड)बाट | २४४९०/- |
| २)पदम ज्योति | १००००/- |
| ३)रघुनाथ अग्रवाल | ५१००/- |
| ४)डा. केशवमान शाक्य | ५०००/- |
| ५)नेम शाक्य | ३०००/- |
| ६)श्री गोपाल प्रजापती | १००२/- |
| ७)भूवनेश्वरी शाक्य | १०००/- |
| ८)सुरेन्द्र शाक्य | ५००/- |
| ९)रिडजेल लामा | ५०१/- |
| १०)सुर्जमान देशार | ५०१/- |
| ११)पदममेहेर बज्राचार्य | ५००/- |
| १२)जुलुमकृष्ण सिलाकार | ५००/- |
| १३)भरत कृष्ण श्रेष्ठ | ५००/- |
| १४)रत्न सुन्दर शाक्य | ५००/- |



Downloaded from http://www.dhammadigital

| | | |
|---|---|---|
| १५)सानुकाजी | देशार | ५००/- |
| १६)टुंसी | शाक्य | ५००/- |
| १७)कृष्णराज | महर्जन | ५००/- |
| १८)बलराम | श्रेष्ठ | ५००/- |
| १९)आशाराम | शाक्य | २००१/- |
| २०)धर्मबहादुर | धाख्वा | १०००१/- |
| २१)बेडिमाया | शाक्य | २००१/- |
| २२)धनकाजी | शाक्य | ५००/- |
| २३)पुण्य रत्न | शाक्य | ५००/- |
| २४)दिलिपकुमार | के.सी. | ५००/- |
| २५)सिद्धिलाल | सिंह | ५००/- |
| २६)भ्रमाली | मिकाचुं | ५००/- |
| २६)उदय रामसीं | ज.ब.रा. | २०००/- |

## जिन्सी सामान दिनेहरु

(१) पागल बन उपभोक्ता समितीबाट एक वटा सिरीशाको रुख ।

(२) अ. ज्ञाणवती मार्फत ३ ट्रीप ईंटा

बौद्ध साहित्यमा प्रचलित अन्य सम्प्रदायका साधुहरु जनाउने केही शब्दहरु यसप्रकारका छन् -

तिर्थकर - अबौद्ध साधुहरु
अचेलक - नग्न साधुहरु
आजीवक - घुमन्ते साधुहरु
निर्ग्रन्थ - कुनै ग्रन्थ नमान्ने (= जैन साधुहरु)
परिब्राजक - बस्त्र लगाउने साधुहरु
जटिल - जटाधारी साधुहरु

## बिहारय् वनेवा

- दिपेन्द्र देशार
ज्योतिविहार, चापागाउ
प्रवेश द्वितिय वर्ष

वा । वा । पासापिं
बिहारय् वनेवा
ज्ञान, बुद्धि सीक: वनेवा
गबलें पञ्चशिल व गबले
अष्टशील का: वने वा ।

बिहारय् परियत्ति कक्षा व्वना:
ज्ञान, बुद्धि का: वनेवा
गुरुमां भन्तेपिनिगु उपदेश न्यना:
मन शान्त या: वनेवा

भी सकलें पासा भाई जुया:
ल्वापु-ख्वापु मदय्‌के वा:
समाजयागु विकृतियात मदयेका
छ्वयेत
भी सकलें बिहारय् वनेवा

बिहारय् वनेवं जक
जुइमखु ज्ञानी व गुणी
बुद्धयागु उपदेश पालन यासातिनि
जुई ज्ञानी व गुणी

उकिं
वा । वा । पासापिं
बिहारय् वनेवा
ज्ञान, बुद्धि सीक: वनेवा ।

यो सहस्सं सहस्सेन सङ्गामे मानुसे जिने ।
एकं च जेय्यमत्तानं स वे सङ्गामजुत्तमो ॥

**अर्थ**

संग्राममा गई हजारौं हजार मानिसहरु (सैन्यहरु) लाई जित्न सक्ने व्यक्तिलाई भन्दा आफूलाई (अर्थात् आफ्नो एउटा मनलाई) जित्न सक्नेलाई संग्रामजीत भनिन्छ । - धम्मपद ८,३



Downloaded from http://www.dhamma.digital

## म र मेरो गौरब बुद्ध

- सुशील राज न्यौपाने
चापागाउँ, झ्यालुण्टार

नेपालीहरुमा ज्ञान भर्ने तिमी नै हो-बुद्ध
शान्तिको सन्देश दिने पनि तिमी
अहिंसाको शिक्षा दिने तिमी नै हो-बुद्ध
अज्ञानिमा ज्ञान भर्ने पनि तिमी

नेपालको नाउँ चम्काउने तिमी नै हो-बुद्ध
उत्साहलाई अघि सार्ने पनि तिमी
एशियाको तारा पनि तिमी नै हो-बुद्ध
नेपाललाई औंल्याउन लगाउने पनि तिमी

करुणाको खानी पनि तिमी नै हो-बुद्ध
संसारको शान्ति नायक पनि तिमी
विश्वको महापुरुष पनि तिमी नै हो-बुद्ध
म र मेरो गौरब पनि तिमी ।

## मलाई पुग्छ

- शान्ति देशार
ज्योतिविहार, चापागाउँ
प्रवेश द्वितिय वर्ष

दु:खको आँसुको धारा होइन मलाई
खुशीको एकथोपा आँसु भए पुग्छ
जीवनको हर खुशीको हँसिलो मुहार
भए पुग्छ मलाई

भिन्न धर्मको रसपान हैन मलाई
निर्वाण पुग्ने बाटो भए पुग्छ
अज्ञानको भण्डार हैन मलाई
ज्ञानको एक पाना भए पुग्छ ।

विलासिताको रमझम होइन मलाई
सुख र दु:खको मिलन भए पुग्छ ।
खुशी नै खुशीको पहाड हैन मलाई
आँसु र हाँसोको संगम भए पुग्छ।

## बुद्ध धर्म सम्वन्धी सामान्य ज्ञान

१. दि मिडल वे. न्यूज लेटर आदी प्रसिद्ध बौद्ध पत्रिकाहरु बेलायतबाट प्रकाशित हुन्छ ।

२. प्रथम विश्व बौद्ध सम्मेलन सन १९५० मा श्रीलंकाको राजधानी कोलोम्बोमा भएको थियो ।

३. बौद्धहरुको त्रिपिटक क्रिश्चियनहरुको बाइवल भन्दा ११ गुणा ठूलो भएको मानिन्छ ।

४. सा च्चै भनौं भने बुद्ध-धर्म कुनै सम्प्रदाय विशेषको धर्म होइन । यो त बस्तुत: मानव धर्म हो, मानव मात्रको धर्म हो ।
- श्री हवलदार त्रिपाठी "सहृदय"

५. बुद्ध योगीहरुमा चक्रवर्ति हुनुहुन्छ । उहाँ महाज्ञानी मेरो हृदयमा विराजमान होस् !
- शंकराचार्य

बुद्धको पालामा ५ ख्यातिप्राप्त निर्ग्रन्थहरु (=जैन मत्तालम्बीहरु बुद्धको शरणमा आएका थिए ।

१. वप्प शाक्य (बुद्धको काका)
२. अभय राजकुमार (बिम्बिसार को छोरो)
३. असिबन्धक पुत्र
४. सिंह सेनापति (वैशालीको सेनापति)
५. उपालि गृहपति

कसैले भनेको भन्दैमा, कहीं लेखेको भन्दैमा कुनै कुरो स्वीकार नगर्नु । आफ्नै विवेकले जाँचीलिए पछि मात्र स्वीकार गर्नु । - धम्मपद



Downloaded from http://www.dhamma.digital



नाम : कर्ण देशार
ठेगाना : ल.पु. चापागाउँ, ज्योतिविहार-३
रुची : घुम्ने र साथी बनाउने
शिक्षा : कक्षा ६
उमेर : ११ बर्ष
परियत्ति शिक्षा : प्रवेश दोस्रो वर्ष

नाम : दिपेन्द्र देशार
ठेगाना : ल.पु. चापागाउँ, ज्योतिविहार
रुची : साथी बनाउने
शिक्षा : कक्षा ६
उमेर : १५ बर्ष
परियत्ति शिक्षा : प्रवेश दोस्रो वर्ष

२५३९ औं बुद्धपूर्णिमाको
पुनीत उपलक्ष्यमा समस्त प्राणीको
शान्ति तथा समृद्धिको लागि
हार्दिक मंगलमय शुभ-कामना
व्यक्त गर्दछौं ।

बाल बौद्ध समूह,
ज्योतिदय संघ, ज्योतिविहार
चापागाउँ , ललितपुर



Downloaded from http://www.dhamma.digital

# "परियत्ति ज्योति" लाई सहयोग पुऱ्याउनु होस्

यस "परियत्ति ज्योति" सफल तुल्याउन हामी बुद्धिजीबिबाट बुद्धिदान, साहुमहाजनबाट आर्थिक अनुदान, भूमिपतिहरुबाट जग्गा दान र श्रमजीविहरुबाट श्रमदानको अपेक्षा गर्दछौं ।

यस अंक प्रकाशनको लागि जि.टि.जेड.का कार्यक्रम अधिकृत श्रीमती विजया बज्राचार्यज्यूले आर्थिक भार ब्यहोर्नु भएको छ । अरु अंक प्रकाशनको लागि पनि धर्मप्रेमीहरुबाट यस्तै सहयोगको अपेक्षा गर्दछौं ।

यस पत्रिकाको ग्राहकबाट, आजीवन सदस्यबाट विज्ञापनबाट र पत्रिका बिकी वितरणबाट प्राप्त रकमहरु यस पत्रिका निरन्तर तुल्याउन खडा गरेको अक्षय कोषमा जम्मा गरेका छौं ।

अत: यस पत्रिकाको ग्राहक भई, आजीवन सदस्य भई, विज्ञापन दिई तथा पत्रिका खरिद गरी सहयोग गरिदिनु हुन सम्पूर्ण धर्मप्रेमी महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौं ।

"परियत्ति ज्योति"
बाल बौद्ध समूह, ज्योतिदय संघ
ज्योति विहार, चापागाउँ

Downloaded from http://www.dhamma.digital

ज्योतिदय संघ, ज्योतिविहार, चापागाउँको

# सूचना

स्व. भिक्षु रत्नज्योतिद्वारा स्थापित चापागाउँको ज्योतिविहारको पुनर्निर्माण कार्य संचालन हुँदैछ । बु. सं. २५३९ वैशाख पूर्णिमा भित्र भुईतल्ला समाप्त गरी बुद्ध मूर्ति नयाँ भवनमा पुनस्थापित गर्ने योजना छ । यस पुनित कार्य सम्पन्न गर्न धनपतिहरुबाट आर्थिक अनुदान र श्रमजीविहरुबाट श्रमदानको हार्दिक अपेक्षा गर्दछौं ।

यस महत्वपूर्ण कार्यमा सहयोग गरी पूण्य संचय गर्नुहोस्, धर्म कमाउनु होस् ।

**"सब्ब दानं धम्म दानं जिनाति ।"**

Downloaded from http://www.dhamma.digital